सम्पर्क नं. :- ०७९-५२०२२७
Email :- vethosgulmi@gmail.com
Website :- gulmi.vethos.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, तथा भुमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

गुल्मी

प.सं. : ०८०/०८१
च.नं. :

## प्रस्ताव आह्वानको सूचना

सूचना नं.२०८०/८१-०१

प्रथम पटक सूचना प्रकाशन मिती २०८०/०८/२१

आ. व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तल उल्लेखित कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८०/०९/०६ गते सम्म) यस कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट gulmi.vethos.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ०७९-५२०२२७ मा वा सूचना अधिकारीको (सम्पर्क नं.९८५७०७४२२७) सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

| क.स | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरू | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा | स्वीकृत बजेट रु. |
|---|---|---|---|---|---|---|---|
| १ | पोषण सुधारको लागि ग्रामिण कुखुरा पालन कार्यक्रम | (क) खोर सुधार वा निर्माण,<br>(ख) पोषण आहारा व्यवस्थापन,<br>(ग) खोप र उपचार, उच्च नस्लका चल्ला वितरण,<br>(घ) तालिम,<br>(ङ) दाना पानीका भाँडा,<br>(च) परजीवि नियन्त्रण, | • विपन्न समुदाय (दलित, महिला, मुक्त कमैया, पिछडा वर्ग, जनजाति र अन्य)मा प्राथमिकता दिई स्थान र कृषकको छनोट गर्ने, कम्तीमा २५ जना कृषकहरूको समूह भएको गाउँ नै उत्पादन कलष्टर हुने गरी सञ्चालन हुनु पर्ने,<br>• प्रति कृषक ५० वटा ६ हप्ता हुर्किएको कुखुराको चल्ला वितरण गर्नु पर्ने, | जिल्लाका सम्पूर्ण पालिकाहरु | समूह/ सहकारी | पूर्वाधार निर्माणमा ७५ प्रतिशत र अन्य उत्पादनमूलक क्रियाकलापमा शत प्रतिशत अनुदान। | २० लाख |
| २ | नयाँ पोखरी निर्माण कार्यक्रम | कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन अनुसार आवेदकले नँया पोखरी निर्माण गर्नु पर्ने। | • स्थायी पानीको श्रोत व्यवस्था भएको हुनु पर्ने,<br>• १ रोपनी भन्दा बढी जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरीको निर्माण गर्नु पर्ने,<br>• जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा जग्गा भाडामा लिएको भए १० वर्षको करार सम्झौता हुनु पर्ने,पोखरीको गहिराइ कम्तीमा १.२ मिटर हुनुपर्ने | गुल्मी जिल्लाका सम्पूर्ण पालिकाहरु | निजी फर्म /कम्पनी | • अधिकतम ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम ७.५ लाख) मध्ये जुन कम हुन आउँछ। | ५ लाख |

निमित्त कार्यालय प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | लक्षित समुदाय विशेष आय आर्जन कार्यक्रम | • बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>• तालिम तथा सचेतना। | • लक्षित वर्ग विशेष आर्थिक रूपमा विपन्न गरीब घरपरिवार परिचय प्राप्त व्यक्ति, मुक्त कमैया/कम्लहरी, भूमिहीन, मुसहर, ,वादी, बोटे, माझी, किङ्गरिया, कुचबन्धिया, खुना, कुमाल आदि सिमान्तकृत वर्गलाई प्राथमिकता दिनुपर्ने,<br>• लक्षित समुदायमा प्रति घरधुरी १०० कुखुरा, बाखा/बङ्गुरको हकमा ३ वटा पाठापाठीका दरले कम्तीमा २० जना घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन हुनुपर्ने, | गुल्मी जिल्लाका सम्पूर्ण पालिकाहरु | समूह/ सहकारी | • प्रति परिवार अधिकतम रु. ५० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ। | १० लाख |
| ४ | समुदायको व्यवस्थापनमा सञ्चालित बाखा (खरी) श्रोत केन्द्र स्थापना | • शुद्ध जातको प्रजनन योग्य खरि बोका खरिद,<br>• उन्नत जातको घाँस खेती, डाले घाँसको नर्सरी स्थापना,<br>• खोर निर्माण/सुधार,<br>• प्रजनन, आहारा, स्वास्थ्य सम्बन्धी क्रियाकलाप सञ्चालन,<br>• मेशिनरी औजार खरिद,<br>• क्षमता अभिवृद्धि कार्यक्रम,<br>• आन्तरिक तथा वाह्य परजीवी नियन्त्रण। | • श्रोत केन्द्रमा कम्तीमा १०० माउ बाखा पालन गरेको हुनुपर्ने,<br>• २५ सदस्यीय कृषक समुह हुनुपर्ने (प्रति घरधुरी कम्तीमा ३ वटा प्रजनन योग्य बाखा पालन गरेको हुनुपर्ने),<br>• बाखापालनको लागि चरन, पानीको स्रोत, डाले तथा भूईंघासको उत्पादनको लागि जग्गा उपलब्ध भएको हुनुपर्ने,<br>• बाटो तथा बजारीकरणको पहुँच भएको हुनुपर्ने, बाखाको जातिय वंशको अभिलेख व्यवस्थापन गरेको हुनुपर्ने वा गर्नुपर्ने। | गुल्मी जिल्लाका सम्पूर्ण पालिकाहरु | समूह / सहकारी | • कुल लागतको अधिकतम ७५ प्रतिशत प्रति योजना अधिकतम रू. २५ लाख अनुदान। | २५ लाख |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन। (अनुसूची ३५ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि। (छनौट भएमा सम्झौता पुर्व पेश गर्नुपर्ने)
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-३८ बमोजिम)।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि। (समुह/सहकारी/कम्पनीको हकमा मात्र)
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९.जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।

**नोटः आवेदकले आवेदन पेश गर्दा सिलबन्दी खाममा राखी पेश गर्नुपर्नेछ। सूचनाहरुमा आवश्यक बुदाहरु छुटहुन गएमा कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधी २०८० बमोजिम गरिने व्यहोरा अनुरोध छ।**

.........................
हुमकान्त पाण्डेय
कार्यालय प्रमुख
निमित्त कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
तम्घास, गुल्मी